जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०१२ | २०८२ साल भदौ ०९ गते सोमवार | Monday-25-August-2025 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## जनमतको पक्षमा जनता- केन्द्रिय सदस्य दुबे

*बारा, ०८ भाद्र*

बारामा मात्र नभई मधेस प्रदेशको आठवटै जिल्लाका जनताहरु जनमत पार्टीको पक्षमा उभिने तयारी रहेको केन्द्रिय सदस्य दुबेले ठोकुवा गर्नु भएको छ । जनमत पार्टीका केन्द्रिय सदस्य तथा फेटा गाउपालिका अध्यक्ष पदको उम्मेदवार उमेश दुबेले मिसन २०८४ अन्तर्गत स्थानीय तथा तिन तहकै निर्वाचनको समयमा जनमत पार्टीको पक्षमा मधेसी जनता उभिने तयारी गरेको बताएका हुन ।

जनमत पार्टी, मधेसी जनताको आशा र भरोसा रहेको कारण पनि मधेसी जनता यसपालि जनमतकै पक्षमा उभिने विश्वास लिएको दुबेले बताउनु भयो । यस पत्रिका संग कुरा गर्दै जनमत पार्टीका केन्द्रिय सदस्य उमेश दुबेले मधेसीको नाममा पटक पटक राजनीति गरी सता र भतामा सिमित हुने पार्टीहरुलाई यसपालि जनताले पहिचान गरिसकेको बताउदै जनमत बाहेक कुनै बिकल्प नरहेको बताउनु भयो । मधेसी समुदायको हक अधिकारको पक्षमा बराम्वार अवाज उठाउदै आएका डा. सि.के राउत नेतृत्वको जनमत पार्टी प्रति विश्वास गर्दै मिसन २०८४ अन्तर्गत तिन तहकै निर्वाचनमा मधेसी जनता जनमतकै पक्षमा उभिने दुबेले बताउनु



भयो। सबै पार्टीमा सबै नेता इमान्दार हुदैन्न तर सबै पार्टीमा सबै नेता भ्रष्टाचारी पनि हुदैन्न, उनले भने । विगतको दिनमा स्थानीय तहको निर्वाचनमा भ्रष्टाचारको आरोप लगाउदै जनताले पराजित गराएका नेतालाई बहिस्कार नै गरिएको दुबेले बताए । भ्रष्टाचार मुक्त अभियान, भ्रष्टाचार मुक्त पार्टी, भ्रष्टाचार मुक्त समाज निर्माण गर्नको लागी त्यस्ता ठग, त्यस्ता भ्रष्टाचारी नेताहरुलाई पार्टीका अगुवाहरुले समयमै पहिचान गरी पार्टी भित्र प्रवेशमा रोक लगाए मात्र भ्रष्टाचार मुक्त पार्टी निर्माण गर्न सकिने बताउनु भयो । डा. सि.के राउत नेतृत्वको जनमत पार्टीमा भ्रष्टाचार गर्ने, दलाली गर्ने, हैकम्वादी गर्नेहरु जस्ताको लागि कुनै ठाउ नरहेको बताउनु भयो । जनमत पार्टीका केन्द्रिय सदस्य तथा फेटा गाउपालिका अध्यक्षको भावी उम्मेदवार उमेश दुबेले मिसन २०८४ अन्तर्गत भ्रष्टचारको बिरुद्ध जनता लागि परेको बताउनु भयो । स्थानीय पालिका गठन भएको करिब ९ बर्ष बित्न लाग्दा समेत कुनै किसिमको काम नगरेका नेताहरुलाई जनताहरुले पहिचान गरिसकेको र अगामी दिनमा डा. सि.के राउत नेतृत्वको जनमत पार्टीलाई निर्वाचित गराउने विश्वास लिएको, उनले बताए ।

## पाँच हजार नपाएपछि जिउँदो कुखुरा सहित मोटरसाइकल नै सशस्त्र प्रहरीद्वारा पक्राउ

*शु.आ. सम्बाददाता*
*कलैया , ०८ भाद्र*

सिमा सुरक्षाको जिम्मेवारी पाएका सशस्त्र प्रहरी नै भक्षक भएको एक घटना सार्वजनिक भएको छ। सशस्त्र प्रहरी १२ नम्बरले बाराको सिमा नाकाबाट तस्करी ग्रिन सिग्नल नै दिएको छ। जसको फलस्वरूप बाराको सम्पुर्ण सिमानाकाबाट स-साना ब्यापारीहरु सहित ठुलो ब्यापरीहरुले तस्करी गर्न लाईन पाएका छन् ।

तस्करीको लाईनबाट समयमा पैसा पाए सबै ठिक , नपाए बेठिक । त्यसैको उदाहरण आईतबार सशस्त्र प्रहरी बलले पाँच हजार नपाएपछि जिउँदो कुखुरा सहित मोटरसाइकल नै पक्राउ गरेको छ । किलो

केहि ब्यापारीहरुले मटिअर्वा नाकाबाट आईतबार तिन वटा मोटरसाइकलमा जिउँदै कुखुरा लिकाठमाडौं गर आउँदा सशस्त्र प्रहरीले रु पाँच हजार माग गरेका थिए । पाँच हजार नदिएपछि जिउँदो कुखुरा सहित मोटरसाइकल



नै पक्राउ गरेको नाम उल्लेख नगर्ने शर्तमा एक ब्यापारीहरुले यस दैनिकलाई जानकारी दिएका छन् ।

उक्त ब्यापारीको अनुसार सशस्त्र प्रहरीको मासिक रकम एक दुई दिन ढिला भए मालसमान नै पक्राउ गर्ने गरेको आरोप रहेको छ ।

यस विषयमा सशस्त्र प्रहरी बल १२ नम्बर गणको गणपति एवम् सशस्त्र प्रहरी उपरीक्षक खुम बहादुर केसीसँग कुरा गर्दा यस्तो नहुनुपर्ने तर सशस्त्र प्रहरीले पैसा माग गरेको सप्रमाण आए कार्वाही गरीने बताएका छन् ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

## प्रसौनी गाउँपालिका

**प्रसौनी गाउँकार्यपालिकाको कार्यालय**
**प्रसौनी, बारा**
**मधेश प्रदेश, नेपाल**

प.सं.– २०८२/०८३ [redacted]

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित मिति : २०८२/०५/०९*

यस गाउँपालिकाले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारलाई सुरक्षित बनाउन सूचाना प्रवाह, समस्यामा परेकाहरुको न्यायका लागि सहजीकरण गर्न, मानसिक स्वास्थ्यका लागि मनोसामाजिक परामर्श प्रदान गर्न र अन्य विभिन्न सचेतनामूलक कार्यहरु सम्पादनका लागि निम्नानुसारको जनशक्ति पदपूर्ति गर्नु पर्ने भएकोले योग्य, अनुभवी ईच्छुक नेपाली नागरिकले माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित १५ दिन भित्र कार्यालय समयमा यस प्रसौनी गाउँपालिकामा आवेदन पेश गर्न आह्वान गरिएको छ ।

| विज्ञापन नं. | रिक्त पद | संख्या | न्युनतम योग्यता, अनुभव तथा सीप |
|---|---|---|---|
| ०१/०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता | १ | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफनर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, नर्सिंग, मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्कमा स्नातक तह स्वास्थय शिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्ट ग्राजुवेट डिप्लोमा ईन काउन्सेलिंग उतिर्ण गरेको । <br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिना तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएकालाई विशेष प्राथमिकता दिईनेछ । <br>• कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव (Word, Excel, Powerpoint, Email, Internet ) आदी भएको नेपाली तथा अंग्रेजी भाषामा प्रतिवेदन तयार गर्न सक्ने । <br>• स्थानीय भाषा स्पष्ट बोल्न तथा बुझाउन सक्ने र प्रतिवेदन तयार गर्न सक्ने । <br>• सामाजिक क्षेत्र वा वैदेशिक रोजगारीका क्षेत्रमा काम गरेकालाई प्राथमिकता दिईनेछ । |

**कार्य अवधि :** २०८३ साल असार मसान्तसम्म हुनेछ तर आवश्यकता तथा कार्य सम्पादनको आधारमा नवीकरण गर्न सक्नेछ ।

**परिक्षाको किसिम :** लिखित, प्रयोगात्मक र अन्तवार्ताबाट छनौट गरिनेछ ।

**आवेदन दस्तुर :** रु. १००० ।-

**उमेर :** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**तलब तथा सुविधा :** सहायक पाचौं तह सरह

**पेश गर्नु पर्ने कागजातहरु :**

१) आवेदन फाराम रोजगार सेवा केन्द्रबाट प्राप्तगर्न सकिनेछ ।
२) व्यक्तिगत बायोडाटा,
३) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
४) शैक्षिक प्रमाण पत्रको प्रतिलिपि,
५) कार्य अनुभवको प्रतिलिपि
६) तालिम प्रमाण पत्रको प्रतिलिपि ।

## मालपोत कार्यालय बारा कलैयाले गरे आर्थिक बर्ष ०८१/८२ मा ३८ करोड भन्दा बढी राजस्व संकलन

*उपेन्द्र पासवान*
*बारा, ०८ भाद्र*

आर्थिक बर्ष २०८१/०८२ मा भुमी सुधार तथा मालपोत कार्यालय बारा कलैयाले विभिन्न शिर्षकबाट रु ३९ करोड करोड भन्दा बढी राजश्व सँकलन गरेको छ।

राजीनामा, बकस पत्र, दृस्टीबन्धक पारित बापत रजिस्ट्रेशन शुल्क रु २१ करोड ६४ लाख ६९ हजार चार सय चार रुपैया । दा.खा, नामसारी,सन्शोधन, रोक्का बापत सेवा शुल्क रु दुई करोड ६४ लाख ४३ हजार तीन सय ७० रुपैया ।पुजिगत लाभ कर बापत रु ११ करोड ३३ लाख २० हजार पाच सय ६० र मधेस प्रदेश मुख्य मन्त्री स्वच्छता अभियान कार्यक्रम अन्तर्गत रु तीन करोड ५७




लाख ३३ हजार पाच सय ४० रुपैया संकलन गरेको छ ।

यसमा रजिस्ट्रेशन शुल्कको रकम बाट चालिस प्रतिशत रकम प्रदेश र साठी प्रतिशत रकम स्थानियतहमा जाने गर्छ । मधेस प्रदेश मुख्य मन्त्री स्वच्छता अभियान कार्यक्रम र सेवा शुल्क बापतको रकम शत प्रतिशत प्रदेश सरकारमा जाने गर्छ र पुजीगत लाभकरको रकम केन्द्र सरकारमा जाने गरेको भुमी सुधार तथा मालपोत

*बाँकी तेश्रो पृष्ठमा*

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

# भूमिहीनलाई लालपुर्जा, राज्यलाई राजस्व



गुञ्जबहादुर खड्का

भूमिसम्बन्धी कानुनमा संशोधन गरी भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबास गर्ने सबैको स्थायी समाधान हुँदैछ।

भूमि मानव जीवनको एक आधार हो। धर्तीमा ठडिएको घर जिन्दगीको एक होइन, धेरैथोक हो। चाहे त्यो छाप्रो होस् या महल। भोकै भए पनि रात काट्न जो कोहीलाई त्यही घर चाहिन्छ। झन् थातथलोसँग मानिसको कैयौं सम्बन्ध जोडिएको हुन्छ। भूगोलसँग मानवको पुस्तौनी इतिहास, संस्कार र संस्कृति जोडिएको हुन्छ। त्यही धर्ती आफ्नो नहुँदा कस्तो हुन्छ ? जसले भोग्छ, उसैलाई थाहा हुन्छ त्यसको पीडा। नेपालमा दशकौंदेखि भूमि अधिकारको अभियान आन्दोलन जारी छ। त्यसैको जगमा उभिएको हो, भूमि समस्या समाधान आयोग। आयोगले अत्यन्त मेहनतका साथ भूमि हकबाट वञ्चित नागरिकलाई भूमिमा अधिकार दिने काम तीनै तहको सरकारसँगको समन्वय र सहकार्यमा गरिरहेको छ।

जीवनमा आफू बसेको जग्गाको कानुनी रूपमा लालपूर्जा पाउनु भनेको निकै ठूलो कुरा हो। लालपुर्जा हातमा पर्दा भूमिहीन सुकुम्बासी र भूमिहीन दलितहरूको खुसीको सीमा नै हुँदैन। यसैले हामीले यो कामलाई द्रुतगतिका साथ अगाडि बढाइरहेका छौं। आयोगको जिल्ला समितिहरूबाट गत आर्थिक वर्षको प्राप्त प्रतिवेदनअनुसार ८६० भूमिहीन दलित र ९५५ भूमिहीन सुकुम्बासी परिवारलाई जग्गाको लालपुर्जा दिइएको छ। २ हजार १३६ अव्यवस्थित बसोबास भएका परिवारलाई नियमानुसार दस्तुर लिई जग्गाको स्वामित्व दिइएको छ। त्यस्तै, विगतका आयोग, समिति वा कार्यदलको बाँकी काम पूरा गर्दै ३ हजार ३१४ परिवारलाई गरी जम्मा ७ हजार २६५ परिवारलाई आयोगले जग्गा उपलब्ध गराएको छ। यसक्रममा हालसम्म २ लाख ९५ हजार १० कित्ता जग्गा नापजाँच गरेर कुल ४८ हजार १६६.७७ हेक्टर जग्गा वितरण गरिएको छ। यसरी, कुल ९८ करोड ६४ लाख ७९ हजार ७८६ राजस्व संकलन भएको छ।

भूमिमा नागरिकलाई अधिकार दिँदा राज्यलाई राजस्व प्राप्त भएको छ भने भूमिहीन सुकुम्बासीहरूले जीवन बाँच्ने आधार पाएका छन्। अब सरकारले नागरिकले पाएको जग्गाको मालपोत नियमितरूपमा राजस्वबापत प्राप्त गर्ने बलियो आधार पनि बनेको छ। नागरिकले भूमिमा अधिकार पाउनु भनेको जीवन जिउनका लागि देखेका सपना पुरा हुँदै जानु हो। जस्तो कि जग्गाको लालपुर्जाबिना व्यवसाय दर्ता तथा आर्थिक कारोबारलगायतका सुविधा पाउँदैनन्। व्यवसाय दर्ता गर्न नपाउँदा सरकारले दिने अनुदान, सेवासुविधालगायतबाट आमनागरिक वञ्चित हुनु पनि हो। यसैले पनि जग्गाको लालपुर्जाको कति महत्व छ भन्ने कुरा भनिरहनुपर्दैन। भोगचलन गरेको जग्गाको लालपुर्जा नहुँदा दाजुभाइमा कानुनी रूपमा अंश बाँडफाँटमा समेत समस्या हुनेहुन्छ। जग्गाको लालपुर्जा नहुनु भनेको एक प्रकारले आफू टेक्ने धर्ती नहुनु नै हो। यसले गर्दा मानिस सुनौलो सपना देख्ने र समृद्धिको उडान भर्ने अवसरबाट समेत वञ्चित हुन पुग्छ।

नेपालमा करिब ६५ देखि ७० लाख मान्छे भूमि समस्याबाट पीडित छन्। यसै सन्दर्भमा २०८२ असार मसान्तसम्मको लगत संकलनअनुसार भूमि समस्या समाधान आयोगको सूचना प्रणालीमा कुल लगत प्रविष्टि भएको भूमिहीन दलित ८९ हजार ४३२ (७.८६ प्रतिशत) परिवार र भूमिहीन सुकुम्बासी परिवारको संख्या १ लाख ६९ हजार १२१ (१४.८७ प्रतिशत) छन्। अव्यवस्थित बसोबासी ८ लाख ७८ हजार २०१ (७७.२७ प्रतिशत) परिवार छन्। यी तीनवटै प्रकृतिका भूमि अधिकारबाट वञ्चित रहेका परिवारको कुल संख्या ११ लाख ३६ हजार ७५४ छन्। साथै विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको निवेदन दिने ८६ हजार ४०० परिवार छन्। जो भूमि अधिकारका लागि दशकौंदेखि आन्दोलित हुँदै आएका थिए।

चुनावमा सबै राजनीतिक दलले यो एजेन्डालाई मूल चुनावी नारा बनाउँदै आएका छन्। हरेक चुनावमा जोडतोडले उठ्ने यी मुद्दा चुनावपछि सेलाउँदै जान्छ। देशका हरेक राजनीतिक शक्तिले आफूलाई जनपक्षीय र क्रान्तिकारी देखाइराख्न यी समस्या समाधान गर्न पहल एवं तदारुकता देखाए जस्तो पनि देखिन्छ। तर, आजसम्म समस्या ज्युँका त्युँ छन्। देशको दुई ठूला ऐतिहासिक राजनीतिक दल नेपाली कांग्रेस र नेकपा एमालेको गठजोरमा बनेको केपी शर्मा ओली नेतृत्वको सरकारले चालु आर्थिक वर्षमा भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलन र प्रमाणीकरण गरी पाँच लाख परिवारहरूलाई भूमिमा हक दिलाएर लालपुर्जा वितरण गर्ने लक्ष्य लिएको छ। यो लक्ष्य भनेको सामान्य भने होइन।

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासलाई जमिन उपलब्ध गराउनु आयोगको मुख्य कार्यक्षेत्र हो। मुख्यतः उनीहरूलाई ऐलानी, पर्ती र सरकारी जमिन उपलब्ध गराउन सकिने कानुनी व्यवस्था छ। भूमिसम्बन्धी ऐनको आठौं संशोधनले २०७६ माघ २८ भन्दा दश वर्ष अगाडिदेखि नै आमोदप्रमोद गर्दै आएका अव्यवस्थित बसोबास गर्नेलाई सोही स्थानमा जग्गा उपलब्ध गराउने व्यवस्था छ। तर, पुस्तौंदेखि बसोबास गरिरहेका परिवारहरूको थातथलो रहेको अधिकांश जग्गा अभिलेखमा वन, वन क्षेत्र, निकुञ्ज, साविक नापजाँचका समयमा व्यक्तिका कित्तामा वन बुट्यान र जंगल लेखिएका कारण जग्गा वितरण गर्न समस्या छ। साथै, सार्वजनिक प्रकृतिको जग्गा पनि छन्। यसले आयोगले अपेक्षित मात्रामा जग्गा उपलब्ध गराउन सकिरहेको छैन।

भूमिसम्बन्धी ऐनको आठौं संशोधनले यस्ता समस्या सम्बोधन गर्न सकेको देखिँदैन। त्यसैले सरकारले यस ऐनको केही प्रावधानमा थप स्पष्ट पार्दै भूमिसम्बन्धी ऐनलाई समयानुकूल परिमार्जन गर्ने कामलाई अघि बढाएको छ। तर, यसमा सबै दलको समान धारणा बन्न सकेको छैन। अहिले यो भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक प्रतिनिधिसभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा छलफलकै क्रममा छ। संविधान प्रदत्त मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, भूमिसम्बन्धी ऐन तथा भूमिसम्बन्धी नियमहरूले गरेको व्यवस्था, आयोग गठन आदेशमा उल्लिखित अधिकारलाई कार्यान्वयन गर्न भूमि समस्या समाधान आयोग क्रियाशील छ। कोही पनि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी परिवारहरू भूमिमा अधिकार पाउनबाट वञ्चित हुन नपरोस् भनी आयोग कटिबद्ध छ। आयोगले विभिन्न समयमा लगत संकलनको लागि सूचना प्रकाशन गर्दै पनि आएको छ।

यसै पनि भूमिका मुद्दाहरू अत्यन्त गम्भीर राजनीतिक, आर्थिक र सामाजिक मुद्दाका रूपमा रहँदै आएका छन्। त्यसमा पनि दायित्वको मूल अभिभारा वडाध्यक्षमा भएकाले ऊ इमानदार हुनैपर्छ। एउटा वडाध्यक्ष चुक्यो भने भूमि अधिकार कार्यान्वयनको सवाल गम्भीर मोडमा पुग्छ।

यसै सन्दर्भमा आयोगसँग कार्य सहमतिपत्रमा हस्ताक्षर गरेका ७५० स्थानीय तहका लागि अन्तिमपटक लगत संकलन गर्न साउन ३० गतेका दिन ३५ दिने सूचना प्रकाशित गरिएको छ। कुनै पनि नेपाली नागरिक आवास तथा जग्गाको हकबाट वञ्चित हुन नपरोस् भनेर सबैमा पुग्नेगरी सूचना सम्प्रेषण गरिएको छ। भूमि अधिकार कार्यान्वयनको प्रारम्भिक प्रक्रियाको काम बेजोडसँग अगाडि बढाइएको छ। भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको निवेदन फाराम संकलन गर्ने, त्यसको तथ्य जाँच गर्ने, पालिका तहमा कार्यान्वनका लागि अघि बढाउन सिफारिस गर्ने र पहिलो प्रक्रिया सुरु गर्ने वडा कार्यालयहरू नै हुन्। यी जिम्मेवारी निकै संवेदनशील छन्। यो दायित्व पूरा गर्न वडाअध्यक्ष नै इमानदार हुनुपर्छ। एउटा वडाध्यक्ष चुक्यो भने भूमि अधिकार कार्यान्वयनको सवाल गम्भीर मोडमा पुग्छ।

सबै तहलाई भूमिसम्बन्धी समस्या समाधान गर्न तालिम तथा अभिमुखीकरण दिइएको छ। आयोगको प्रत्येक जिल्लामा जिल्ला समिति गठन गरी उक्त समितिलाई प्रभावकारी रूपमा कार्य सम्पादनका लागि केन्द्रीय आयोगले जिल्ला समितिहरूलाई अधिकार प्रत्यायोजनसमेत गरी सकिएको छ। जिल्ला समितिहरूलाई आवश्यक निर्देशन दिएको छ। यस क्रममा सातै प्रदेश सरकारसँग समन्वय गरी जिल्ला समितिका पदाधिकारीका लागि प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रम तथा छलफल प्रभावकारीरूपमा सम्पन्न गरिएको छ। आयोगले परेको निवेदनमा कारबाही प्रक्रिया पूरा गर्न चार सय सर्वेक्षक र ६ सय अमिन गरी एक हजार प्राविधिक कर्मचारी ७७ वटै जिल्लाका स्थानीय तहहरूमा फिल्ड कार्य र जग्गा नापजाँचका लागि जिल्ला समितिमार्फत परिचालन गरिएको छ। भूमिका मुद्दाहरू अत्यन्त गम्भीर राजनीतिक, आर्थिक र सामाजिक मुद्दाका रूपमा रहँदै आएका छन्। यसैले यस विषयमा सबै सरोकारवालासँगको नियमित छलफल तथा अन्तरक्रिया गर्दै मिहिन समीक्षा र सोको आधारमा प्राप्त सिकाइहरूका आधारमा आयोगले अत्यन्त सचेततापूर्वक कार्य अगाडि बढाएको छ। आयोगको काममा अप्ठ्यारो परिस्थिति निर्माण गर्न चाहनेहरूले कानुन, नीतिनियम र व्यवस्थाको गलत व्याख्या गरेर अन्योलता र भ्रम सिर्जना गर्न खोजिरहेको अवस्था छ। यसमा आयोग गम्भीर छ। अपेक्षाअनुसार किन काम हुन सकिरहेको छैन ? यस विषयमा पनि आयोगले परिस्थितिको वस्तुगत विश्लेषण गरेर अगाडि बढ्ने गरी कार्ययोजना बनाएको छ।

आयोगले भूमिसम्बन्धी कानुनमा संशोधन गरी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासको समस्या स्थायीरूपमा समाधान गर्न लागेको छ। चालु आर्थिक वर्षभित्र लगत संकलन र प्रमाणीकरण गरी पाँच लाख परिवारहरूलाई जग्गाधनी प्रमाणपूर्जा दिने सरकारको लक्ष्य पूरा गर्न आयोग सघन ढंगले लागेको छ। यसका लागि आयोगले कार्ययोजना एवं कार्यतालिका बनाएर व्यवस्थित रूपमा काम अगाडि बढाएको छ।

संविधानप्रदत्त मौलिक हक तथा राज्यका नीतिहरू कार्यान्वयनका लागि भूमिसम्बन्धी ऐनको आठौं संशोधन गरी कानुनी व्यवस्थाबमोजिम बनेका आयोगका हिसाबले हरिप्रसाद रिजाल नेतृत्वको यो तेस्रो आयोग हो। यो आयोगले २०७६ माघ २८ पछि बनेका दुईवटा आयोगहरूका कार्यको सम्पूर्ण स्वामित्व ग्रहण गरेर काम अगाडि बढाइएको छ। जग्गाको वितरण आफैंमा संवेदनशील विषय हो। यसमा आयोग अत्यन्त गम्भीर छ। यसैले आयोगले ऐन, कानुन, नियम र पारदर्शी एवं वैज्ञानिक कार्यविधिहरू निर्माण गरी सोको अधीनमा रही कार्यहरू अगाडि बढाएको छ।

खड्का भूमि समस्या समाधान आयोगका सदस्य हुन्।


## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

# व्यापार घाटा : चिन्ताको विषय

सरकारले आर्थिक वर्ष २०८२/०८३ का लागि वार्षिक बजेट १९ खर्ब ६४ अर्ब ११ करोड विनियोजन गरेको छ। गत वर्षको बजेट १८ खर्ब ६० अर्ब ३० करोड रूपैयाँ रहेको थियो। विडम्बना त यो छ कि सरकारले विनियोजन गरेको वार्षिक बजेटको आकारभन्दा थोरै कम मात्र व्यापार घाटाको व्ययभार मुलुकले खेप्नु परेको छ। आर्थिक वर्ष २०८१/०८२ मा व्यापार घाटामात्रै १४ खर्ब ५४ अर्ब ५९ करोड पुगेको छ। यो घाटा अघिल्लो वर्षको बजेटभन्दा झन्डै चार खर्ब ६ अर्ब कम हो। विगतका वर्षमा आयातको आकार बढ्दै जाने र निर्यातका वस्तु क्रमशः ओरालो लाग्ने अवस्थाका बीच निर्यात दुई खर्ब ७७ अर्ब ३ करोड पुगेको छ। जब कि, २०८०/०८१ को तुलनामा २०८१/०८२ को निर्यातमा ८१.८० प्रतिशतले वृद्धि भएको छ। आयातमा पनि २०८०/०८१ मा १२.२५ प्रतिशतले वृद्धि भएको पाइएको छ। देशमा पर्याप्त सम्भावना हुँदाहुँदै र स्वदेशी उत्पादनले आत्मनिर्भर हुन सक्ने अवस्थामा पनि बाहिरबाटै आयात गरेर उपभोग गर्ने प्रवृत्तिले व्यापार घाटा बढेको हो। स्वदेशभित्रै गर्न सकिने र सम्भव हुने कृषि उत्पादनसमेत आयात गर्नु परेपछि हामी कसरी स्वाभिमानी र आत्मनिर्भर बन्न सक्छौं ? व्यापार घाटाको आयतन बढ्नुका पछाडि मुलुक नै परनिर्भरताको रोगबाट ग्रसित हुनु हो। उपभोगमुखी आयातले देशको अर्थतन्त्र कहिल्यै बलियो हुन सक्दैन। उद्योग, कलकारखानाका लागि प्रयोग हुने मेसिन, उपकरण र कच्चा वस्तुले अर्थतन्त्रको उत्पादनशील क्षमता बढाउँछ। तर, उपभोगमा सकिने वस्तु तथा सेवाले मुलुकको अर्थमात्रै बाहिरिन्छ तर प्रतिफल दिँदैन। देशमा सवारीसाधन बढेको बढ्यै छ, जुन स्वदेशमा उत्पादन हुँदैन। ठूलो धनराशि सवारीसाधनको खरिदमा बाहिरिने गर्छ। सँगसँगै त्यसमा खपत हुने पेट्रोलियम पदार्थ पनि विदेशबाटै आयात गर्नुपर्छ। त्यसबाहेक महँगो सुन जसले ठूलो धनराशि खर्च गराउँछ। यस्तै, औषधिमा अधिक रकम बाहिरिने गर्छ। मोबाइल तथा विलासिताका सामग्रीहरुमा पनि अविश्वसनीयरुपमा रकम बाहिरिने गरेको छ। कृषिप्रधान देशमा खाद्यान्न, चामल, तरकारी, फलफूल र दुग्धजन्य पदार्थमा पनि हामी आत्मनिर्भर बन्न सकेका छैनौं। गत वर्षमात्रै ६० अर्ब ७८ करोड रूपैयाँको खाद्यान्न आयात भएको छ। तरकारीमा मात्रै २८ अर्ब रूपैयाँ बढी रकम बाहिरिएको छ। यस्तो अवस्थामा पनि हामी आफ्नै स्रोतसाधन प्रयोग गरेर उत्पादन बढाउनतर्फ गम्भीर छैनौं। सरकारले परनिर्भरता घटाउनभन्दा आयातित वस्तुको भन्सार चक्रमै बढी ध्यान दिने गरेको छ। आयात घटाउन निर्यात बढाउन सक्नुपर्छ। यद्यपि, अघिल्ला वर्षभन्दा गत वर्ष भने निर्यात बढेको पाइएको छ। निर्यात बढाउनका लागि मुलुकभित्रै कृषि तथा औद्योगिक उत्पादन बढाइनुपर्छ। स्वदेशमा लगानीको अवसर छ भनिए पनि लक्ष्यअनुरुप वैदेशिक लगानी भित्रिन सकेको छैन। अहिले मुलुकमा विदेशी मुद्राको सञ्चिति दर बढेको पाइएको छ। राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक तथा वित्तीय अवस्थाको प्रतिवेदनअनुसार २०८२ जेठ मसान्तसम्म विदेशी मुद्राको सञ्चिति २५ खर्ब ६९ अर्ब ३८ करोड पुगेको छ। यसले मुलुकको वार्षिक आयात खर्च धान्ने अवस्था देखाउँछ। सरकार उपभोग बढाउनेभन्दा पनि उत्पादन बढाउने र रोजगारको अवसर सिर्जना गर्नेतर्फ नै अग्रसर हुनुपर्छ। निरन्तरको व्यापार घाटा मुलुकको अर्थतन्त्रकै लागि चुनौतीको विषय भएकाले सरकारले गम्भीरतापूर्वक कृषि उत्पादन बढाउन कृषिमा आधुनिकीकरण, यान्त्रीकरण र व्यावसायीकरणमा विशेष ध्यान दिनुपर्छ। जसबाट केही हदसम्म व्यापार घाटा घटाउन र स्वदेशमै रोजगारीको अवसरसमेत सिर्जना गर्न सकिन्छ।


## सावधान रहौं, आगलागीबाट बचौं ।

गर्मी महिना शुरू भएसँगै आगलागीका घटनाहरू बढी हुने गर्दछ । हाम्रो सानो असवाधानीले ठूलो जनधनको क्षति हुने गर्दछ । त्यसैले आगलागीबाट जोगिन सावधानी अपनाऔं ।

१. सलाई, लाईटर जस्ता आगोजन्य पदार्थ बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् । भान्साको काम सकेपछि आगो निभाउन नबिर्सौ ।
२. घर–अफिस तथा सम्वेदनशिल स्थानमा आगो निभाउन यन्त्र राखौं ।
३. आगलागी भएमा चिच्याएर जानकारी गराउँदै सुरक्षित स्थानमा जाऔं ।
४. घरभित्र लुक्ने प्रयास नगर्ने, घरबाहिर निस्केपछि सबै परिवार आए–नआएको यकिन गरौं ।
५. धुवाँ भएको स्थानबाट निस्कदा घोप्टो परेर वा घस्रेर निस्कौं ।
६. शरिरभको कपडामा आगोले टिप्यो भने नदौडिकन आगो निभाएर मात्रै भागौं ।
७. पेट्रोल, मट्टीतेल लगायतका प्रज्जवनशील पदार्थहरू बच्चाको पहुँचबाट टाढा राखौं ।
८. आगो नियन्त्रण नहुने भएमा वारूणयन्त्र वा प्रहरीको १०० नम्बरमा फोन गरी जानकारी गराऔं ।

करैयामाई गाउँपालिका
करैया, बारा


।।।समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो। राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ। - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# चीनको रेलसेवामा यात्रुको उल्लेखनीय वृद्धि

बेइजिङ - चीनमा सन् २०२५ को यात्रा अवधिमा जुलाई १ देखि अगस्ट २३ सम्म ८२ करोड ३० लाखभन्दा बढी यात्रुहरूले रेलमार्गबाट यात्रा गरेका छन् । यो तथ्यांक चीन राज्य रेल समूह कम्पनी लिमिटेडले सार्वजनिक गरेको हो । यसले गत वर्षको सोही अवधिको तुलनामा ६.४ प्रतिशतले वृद्धि देखाएको छ, जुन रेल यातायातमा ठूलो वृद्धिको सङ्केत हो ।



दैनिक औसत यात्रु संख्या र गर्मी बिदाको प्रभाव

यस अवधिमा दैनिक औसत एक करोड ५२ लाखभन्दा बढी यात्रुहरूले रेलमार्ग प्रयोग गरेका थिए । गर्मीको बिदा विशेष गरी विद्यार्थीहरूले घर फर्कने, परिवारसँग भेटघाट गर्ने तथा आन्तरिक पर्यटनका लागि यात्रा गर्ने चलनले रेलमार्गमा यात्रुको चाप अत्यधिक बढाएको छ ।

गर्मी यात्राको यो सिजन चीनमा सबैभन्दा व्यस्त मानिन्छ, जहाँ मानिसहरू लामो दूरीको यात्रा गरी आफ्ना परिवार र आफन्तसँग भेटघाट गर्दै गर्मीको छुट्टी बिताउँछन् ।

रेल सेवा व्यवस्थापन र सुधारका उपायहरू

यस बढ्दो यात्रु संख्यालाई व्यवस्थित गर्न चीन राज्य रेल समूहले धेरै पहलहरू अगाडि सारेको छ। लोकप्रिय मार्गहरूमा अतिरिक्त रेल सेवा सञ्चालन गर्ने, अधिकतम क्षमता सुनिश्चित गर्ने र यात्रुको चापलाई सहज रूपमा व्यवस्थापन गर्ने उपायहरू लागू गरिएको छ।

यसका साथै, यात्रुहरूको सुविधा र अनुभवलाई अझ उत्कृष्ट बनाउन स्थानीय सांस्कृतिक तथा पर्यटन संस्थासँग सहकार्य गरेर यात्रालाई अझ रमाइलो र उपयोगी बनाउने प्रयास पनि भइरहेको छ। यसले यात्रुलाई गन्तव्य स्थानको सांस्कृतिक र पर्यटकिय सौन्दर्यसँग परिचित गराउने काममा सहयोग पुर्‍याएको छ।

यसरी चीनको रेल यातायात प्रणाली गर्मी यात्राको चरम सिजनमा पनि प्रभावकारी रूपमा काम गर्दै आएको देखिन्छ । यात्रुहरूको बढ्दो आवश्यकतालाई मध्यनजर गर्दै सेवा सुधार र क्षमता विस्तारमा निरन्तर ध्यान दिइरहेको यो तथ्यले चीनको आधुनिक र समृद्ध रेल प्रणालीको प्रतिविम्ब हो।

# युक्रेनको स्वतन्त्रता दिवसमा सहभागी हुन क्यानडाका प्रधानमन्त्री किएभमा

किएभ- क्यानडाका प्रधानमन्त्री मार्क कार्नी आइतबार युक्रेनको स्वतन्त्रता दिवस मनाउन किएभ आइपुगेका छन् । उनले विश्व नेताहरूले युक्रेन-रुस युद्ध अन्त्य गर्न दबाब दिइरहेका बेला आफ्नो उपस्थितिलाई ऐक्यबद्धताको प्रतीकका रूपमा व्यक्त गरेका हुन् ।

'यस युक्रेनी स्वतन्त्रता दिवसमा र आफ्नो देशको इतिहासको यो महत्त्वपूर्ण घडीमा, क्यानाडाले युक्रेनका लागि न्यायपूर्ण र स्थायी शान्ति दिलाउने हाम्रो समर्थन र प्रयासहरूलाई अझै बढाइरहेको छ', कार्नीले सामाजिक सञ्जाल एक्समा लेखेका छन् । क्यानाडाली प्रसारक सिबिसीका अनुसार कार्नीलाई स्वतन्त्रता दिवस मनाउन 'विशेष अतिथि' का रूपमा किएभमा आमन्त्रित गरिएको थियो ।

'युक्रेनका लागि क्यानाडाको समर्थन दृढ छ । हामी तपाईँको सार्वभौमिकताको रक्षा गर्न र तपाईंको सपनाहरू साकार पार्न तपाईंको सङ्घर्षको प्रत्येक चरणमा तपाईंको साथमा छौँ' , कार्नीले किएभ आइपुगेपछि आफ्नै एक्स खातामा सार्वजनिक गरिएको भिडियो सन्देशमा भने ।

तीन वर्ष लामो द्वन्द्वबीच मस्कोले शनिबार पूर्वी युक्रेनको डोनेट्स्क क्षेत्रका दुई गाउँ कब्जा गरेको घोषणा गरेको बेला उहाँको यो भ्रमण भएको हो । यसले रुसी सेनाले ढिलो गतिमा भए पनि केही लाभ हासिल गरिरहेको सङ्केत गर्दछ ।

यद्यपि, कार्नीको भ्रमण त्यस्तो समयमा भएको छ जतिबेला रुसी र युक्रेनी राष्ट्रपतिहरूबीच शिखर बैठक हुने सम्भावना क्रमशः घट्दै गएको छ । यो सम्भावित समाधानलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि युद्ध अन्त्य गर्ने आफ्नो प्रयासको एक अंशका रूपमा समर्थन गरेका थिए । हालै दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले समेत रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र युक्रेनी समकक्षी भोलोदिमर जेलेन्स्कीलाई भेटवार्ताका लागि आह्वान गरेका थिए ।

## मालपोत.............

कार्यालय बारा कलैयाको सुचना अधिकारी सागर कुमार साहले जानकारी गराए ।

यस्तै यति राजस्व संकलन भए पनि तामेली ब्यवस्थापन मालपोत कार्यालयको प्राङगन ब्यवस्थापन प्रतीक्षालयको व्यवस्थापनका लागि कुनै पनि पालिकाले सहयोग नगरेको जानकारी गराइएको छ ।

त्यसै गरि भुमी सुधार तथा मालपोत कार्यालय बारा कलैयाको कार्यालय प्रमुख शालिक राम ढकाल आए देखि सेवा ग्राहीको सेवा प्रवाह छिटो छरितो र ब्यवस्थित भएको सुचना अधिकारी साहले जानकारी गराएका हुन।

देशमा आर्थिक मन्दीका कारण गत बर्षको तुलनामा यो बर्ष धेरै कम राजस्व संकलन भएको जानकारी प्राप्त भएको छ ।

## लिजाको.............

आ व२०८०/०८१ को स्वमुल्याङ्कन परिणाम मन्त्रालयले गुणस्तर मापन गरी अन्तिम नतिजा सार्वजनिक गरेको हो ।

सार्वजनिक बाराको नतिजामा सबै सुचकबाट कुल कलैयाले ७६ अंक ल्याएर प्रथम भएको हो । ६५ दशमलव २५ अङ्कसहित जितपुर सिमिरा दोस्रो, ६५ अङ्क सहित परवानीपुर तेस्रो भएका छन । ६४ दशमलव ७५ प्रतिशत सहित महागढीमाई चौथो, ६३ दशमलव ५० अंक सहित निजगढ पाँचौं, ६३ दशमलव २५ अङ्क सहित प्रसौनी छैठो, ६३ अङ्क ल्याएर करैयामाई सातौं भएका छन ।

त्यसैगरी ५९ अङ्क ल्याएर बारागढी आठौं, ५५ दशमलव ७५ अङ्क ल्याएर आदर्श कोतवाल नवौं, ५२ दशमल ५० अङ्क ल्याएर पचरौता नगरपालिका १०औं ५० दशमलव ७५ अंक ल्यार विश्रामपुर एघारौं, ५० दशमलव ५० अङ्क ल्याएर देवताल बाह्रौं, ५० दशमलव २५ अङ्क ल्याएर कोल्हबी १३ औं ४९ दशमलव ५० अङ्क ल्याएर सुवर्ण गाउँपालिका १४ औं, ४९ अङ्क ल्याएर सिम्रनगढ नगरपालिका १५ औ र अन्तिममा ३१ दशमलव २५ अङ्क ल्याएर फेटा गाउँपालिका १६ औ स्थान भएको हो ।


**जनहितमा जारी सन्देश**

**महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् । कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।**

**कटहरिया नगरपालिका**
कटहरिया, रौतहट


# नेपाल पत्रकार महासंघमा सदस्यता नवीकरणमा विभेद भएको भन्दै प्रेस जनमत संघको ज्ञापनपत्र

*काठमाडौं, ०८ भाद्र*

नेपाल पत्रकार महासंघमा सदस्यता नवीकरण तथा नयाँ सदस्यता प्रदान गर्ने क्रममा विभेद भएको भन्दै प्रेस जनमत संघले महासंघ केन्द्रीय समितिलाई ज्ञापनपत्र बुझाएको छ। संघले बुझाएको ज्ञापनपत्रमा महासंघ नेपालभरिका सम्पूर्ण पत्रकारहरूको साझा संगठन भएकाले निष्पक्ष र सबै पत्रकारलाई समान अवसर दिने चरित्र कायम राख्न आग्रह गरिएको छ। तर पछिल्लो समय नेतृत्वसँग आस्था राख्ने पत्रकारहरूको सदस्यता सहज रूपमा नवीकरण हुने र फरक आस्था राख्नेहरूको सदस्यता नवीकरण नगर्ने वा नयाँ सदस्यता नै अस्वीकृत गर्ने प्रवृत्ति देखिएको भन्दै आपत्ति जनाइएको छ। प्रेस जनमत संघले "शुद्धिकरण" को नाममा व्यक्तिगत रिसइवी साध्ने र फरक-फरक स्थानमा फरक-फरक मापदण्ड प्रयोग गर्ने कार्य अन्यायपूर्ण भएको ठहर गर्दै तत्काल सच्याउन माग गरेको छ। विशेषगरी काठमाडौँमा एक किसिमको मापदण्ड र तराई-मधेशका जिल्लामा मनपरी मापदण्ड लागू गरिएको भन्दै संघले ध्यानाकर्षण गराएको छ ।



"गत निर्वाचनको समयमा शुद्धिकरणका नाममा भएको अन्यायलाई तत्काल सच्याइयोस्," संघले ज्ञापनपत्रमार्फत जोडदार माग गरेको छ । साथै, महासंघलाई साँच्चिकै साझा संगठनका रूपमा कायम राखी फरक आस्था राख्ने पत्रकारहरूलाई पनि समान अवसर र अधिकार सुनिश्चित गर्न नेतृत्वले आवश्यक कदम चाल्नुपर्ने संघको भनाइ छ।

प्रेस जनमत संघले महासंघको साझा चरित्रको पक्षपाती भएको बताउँदै, महासंघ नेतृत्वले पनि खुला मनले त्यसलाई आत्मसात् गर्ने विश्वास व्यक्त गरेको छ ।

संघका अध्यक्ष अवधेश कुमार झाले आइतबार काठमाडौँको संचारग्रामस्थित नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा अध्यक्ष निर्मला शर्मालाई उक्त ज्ञापन पत्र हस्तान्तरण गर्नुभयो। यस अवसरमा संघका सहअध्यक्ष रामनारायण विश्वास र केन्द्रीय सदस्य जितेन्द्र खड्गा पनि सहभागी हुनुहुन्थ्यो । महासंघतर्फबाट केन्द्रीय उपाध्यक्ष नितु पण्डित, महासचिव रामप्रसाद दहाल, सचिव सोनी शर्मा, कोषाध्यक्ष रामकृष्ण अधिकारीसहित अन्य केन्द्रीय पदाधिकारी र सदस्यहरूको उपस्थिति रहेको थियो ।

# यमुनामाई गाउँपालिका कार्यालयमा तालाबन्दी

*शु. आ. सम्बाददाता*
*रौतहट , ०८ भाद्र*

जिल्लाको यमुनामाई गाउँपालिका कार्यालय अगाडि भदौ ४ गतेदेखि सुरु भएको शान्तिपूर्ण धर्ना र वडा नं. २ का वडा अध्यक्ष सिताराम यादवको आमरण अनशनलाई गम्भीरतापूर्वक नलिएर बेवास्ता गरेको आरोप लगाउँदै स्थानीय जनताले आइतबार गाउँपालिका कार्यालयमा तालाबन्दी गरेका छन् ।वडा अध्यक्ष यादवले विगतका गाउँसभा निर्णय कार्यान्वयन, बजेट पारदर्शिता, योजनाको विवरण सार्वजनिकरण, वित्तीय अनियमितता नियन्त्रण लगायत माग राखी अनशन सुरु गरेका थिए । तर पाँच दिन बितिसक्दा पनि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा सम्बन्धित निकायले कुनै चासो नदिएको भन्दै स्थानीयहरू आक्रोशित भएका छन् ।आइतबार बिहानै देखि गाउँपालिका कार्यालय पुगेर जनप्रतिनिधि र सर्वसाधारण जनताले संयुक्त रूपमा तालाबन्दी गरेका छन् । उनीहरूले माग सम्बोधन नगरी कार्यालय खोल्न नदिने चेतावनीसमेत दिएका छन् ।



अनशनरत वडा अध्यक्ष यादवको स्वास्थ्य दिनप्रतिदिन कमजोर बन्दै गएको जनाइएको छ। तर सम्बन्धित निकाय मौन बसेकाले आन्दोलनमा सहभागी जनताले शासनप्रति गम्भीर प्रश्न उठाएका छन् ।

स्थानीयहरूले भने, "जनप्रतिनिधि र कर्मचारीहरूले जनताको समस्या र आवाज सुन्ने प्रयास नगरेसम्म हाम्रो संघर्ष जारी रहनेछ ।

# डा. अध्यक्ष पटेलद्वारा एसइइ उतिर्ण दुई विद्यार्थीलाई ल्याक्टप र ब्याग हस्तान्तरण

*रुपेश यादव*
*रौतहट , ०८ भाद्र*

एसइइ परिक्षामा राम्रो अंक ल्याई उतिर्ण गरेको खुसीमा वडा अध्यक्ष सन्जय पटेलले दुई छात्राछात्रलाई ल्याक्टप तथा ५५ विद्यार्थीलाई ब्याग हस्तान्तरण गरेका छन् । रौतहटको देवाही गोनाही नगरपालिका वडा नम्बर ३ स्थित श्री सरस्वती माध्यमिक बिधालय गोनाहीमा अध्यणरत ५७ बिद्यार्थीलाई वडा अध्यक्ष पटेलले एसइइ परिक्षामा राम्रो अंक ल्याइ उतिर्ण गरेको तथा वडाको नाम रोशन गरेको खुसीमा सबैलाइ सम्मान स्वरुप वडा अध्यक्ष पटेलले छात्र विकेश कुमार र छात्रा निक्की जैसवाललाई ल्याक्टप तथा ५५ विद्यार्थीलाई ब्याग हस्तान्तरण गरेका छन् ।



साथै वडा अध्यक्ष पटेलले छात्रा सिल्पाकुमारी पटेललाई कक्षा १२ सम्मको अध्ययन निःशुल्क गराइने बताएका छन्। वडा अध्यक्ष पटेलले आज बिधालयमा आयोजना गरिएको वितरण कार्यक्रममा बिद्यार्थीलाई हौसला बढाउन तथा शिक्षा प्रती अझ बिद्यार्थीलाई कर्मट भइ अध्यनमा प्रेरणा दिन यस्तो कार्यक्रमलाई निरन्तरता दिइने प्रतिबद्धता समेत जनाएका छन् । यस्तै कार्यक्रम बोल्दै श्री सरस्वती माध्यमिक बिधालयका प्रधानाध्यापक उमेश कुमार यादवले वडा अध्यक्ष सन्जय पटेलले शिक्षा प्रती दिएको यो योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गरेका छन् । साथै आज सम्मानित हुने सबै छात्र छात्राहरुलाई थप उच्च शिक्षा हासिल गर्न अनुरोध गर्दै उज्ज्वल भविष्यको आशीर्वाद दिएका छन्। कार्यक्रममा श्री सरस्वती माध्यमिक बिधालय गोनाहीका सह प्रधानाध्यापक गजेन्द्र प्रसाद यादव, सोही बिधालयका सह प्रधानाध्यापक रामपुकार राउत, वडा सदस्य भागु साह, देवाही गोनाही -८ का वडा सदस्य राधेश्याम पटेल, समाजसेवि सुवास प्रसाद पटेल, बिधालयका शिक्षक शिक्षका तथा बिद्यार्थीहरु लगायतको उपस्थिति रहेको थियो ।


**जनहितमा जारी सन्देश**

- घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी र अन्य मानसिक तथा शारिरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्।
- कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधी, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।
- लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं ।

**पोखरिया नगरपालिका**
पोखरिया, पर्सा

**मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।**

# बीरगंजमा हैजा फैलिएपछि बाराको सिमावर्ती प्रसौनी र विश्रामपुरले चटपटे, पानीपुरी, चाट , माछा बिक्रीमा रोक

***शु.आ. सम्बाददाता***
***कलैया, ०८ भाद्र***

बीरगंजमा हैजा फैलिएपछि बाराको सिमावर्ती प्रसौनी र विश्रामपुर गाउँपालिकाले चटपटे, पानीपुरी, चाट , माछा बिक्रीमा रोक लगाएको छ। प्रसौनी गाउँपालिका अध्यक्ष बिनोद प्रसाद जैसवाल र विश्रामपुर गाउँपालिकाको अध्यक्ष जुल्फ्कार अलि भुटोको हस्ताक्षरमा जारी भएको छुट्टाछुट्टै विज्ञप्ति रोक लगाईएको छ। उक्त पत्रमा वीरगंज महानगरपालिका लगायत पर्सा जिल्लामा हाल भयावह रुपमा फैली रहेको हैजा (Cholera) रोगको संक्रमण बारे सर्ब विदितै रहेको उल्लेख गरीएको छ । साथै बीरगंज महानगरपालिका संग सिमा जोडिएको प्रसौनी गाउँपालिका र विश्रामपुर अन्तर्गतमा समेत उक्त रोग फैलिन सकिने जोखिम उच्च रहेकोले अत्यन्त सावधानी पुर्वक बस्न सूचित आग्रह गरीएको छ। प्रसौनी गाउँपालिका र विश्रामपुर गाउँपालिका अन्तर्गत रहेका सबै बजार क्षेत्रहरुमा चटपटे, पानीपुरी, चाट, मांछा जस्ता खाद्य






पदार्थ विक्री वितरणमा प्रतिवन्ध लगाईएको छ। भने होटेलहरुमा खाद्य पदार्थहरु सफा र सुरक्षित रुपमा भण्डारण गरी बेच बिखन गर्नुपर्ने विज्ञप्तिमा उल्लेख गरीएको छ। साथै दिसा, पिसाव गर्दा चर्पीको मात्र गर्नुपर्ने र दिसा, पिसाब जथाभावी गर्न पाईने भनि प्रतिबन्ध लगाईएको छ।

# निर्मलबस्ती खानेपानी आयोजनाः उद्घाटनको एक महिना पछि पनि उपभोक्ताले पानी खान पाएनन्

***हरिकिशोर शर्मा***
***पर्सा , ८ भाद्र***

पर्सा जिल्लाको ठोरी-४, निर्मलबस्तीमा निर्माण भएको खानेपानी आयोजनाको उद्घाटन भएको एक महिना बितिसक्दा पनि स्थानीय बासिन्दाले पानी पिउन पाएका छैनन्। गत साउन महिनाको ९ गते खानेपानी मन्त्री माननीय प्रदीप यादवको प्रमुख आतिथ्यतामा तामझामसहित निर्मलबस्ती खानेपानी आयोजना उद्घाटन गरेका थिए।
उक्त समारोहमा मन्त्री यादवले धारा खोलेर फोटो खिचाए र जनतालाई शुद्ध पिउने पानी उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका थिए । तर, एक महिना बितिसक्दा पनि आयोजना सञ्चालनमा नआउदा स्थानीयवासी निराश छन्। स्थानीय युवाहरूले प्रश्न गर्न थालेका छन्, "के शिलालेखमा नाम लेखाउन मात्र हतार गरेको थियो?" यो प्रश्नले उद्घाटनको औचित्य र आयोजनाको प्रगतिमाथि गम्भीर प्रश्न खडा गरेको छ।
सामान्यतया परियोजना पूर्ण रूपमा सम्पन्न भएर जनतालाई सुविधा प्रदान गर्ने अवस्थामा उदघाटन गरिन्छ। तर, यहाँ अधुरो आयोजनाको उद्घाटन गरिएको थियो, जसले मन्त्रीको भूमिकालाई "मिडिया शो" र "फोटो सत्र" को रूपमा चित्रण गरेको छ। स्थानीयवासीले उद्घाटनपछि तत्काल पानीको सुविधा पाउने अपेक्षा गरेका थिए, तर परिणाम शून्य रहँदा




उनीहरूको विश्वासमा ठेस पुगेको छ । आयोजनाको लागि ठोरी-४, शिखरटोल निवासी युवा समाजसेवी जित बहादुर पाखीनले जग्गा दान गरेका थिए। उनको यो योगदानलाई आयोजनाका जिम्मेवार निकाय र स्थानीय सरकारले पूर्ण रूपमा बेवास्ता गरेको छ, जुन स्थानीयवासीले अत्यन्तै आपत्तिजनक ठानेका छन् । उदघाटनको समयमा उनी बिरामी भएर अस्पतालमा उपचाररत थिए, तर न त स्थानीय सरकारले न त आयोजनाका जिम्मेवार व्यक्तिहरूले उनको अवस्थाबारे खोजखबर नै गरे। साधारण धन्यवाद समेत दिन कसैले आवश्यक ठानेनन्। यो व्यवहारलाई स्थानीयवासीले दानकर्ताप्रतिको सरासर अपमानको रूपमा लिएका छन्।
अधुरो आयोजनाको उद्घाटन स्थानीयवासीको दृष्टिकोणमा नाटक र प्रचारको साधन मात्र बनेको र दानकर्ताप्रति गरिएको बेवास्ताले सरकारी निकायको संवेदनशीलता माथि प्रश्न उठेको छ।

# लिजाको स्वमुल्याङ्कन परिणाम सार्वजनिक, बारा सहित मधेश प्रदेशमा कलैया उपमहानगरपालिकाको उत्कृष्ट

***शु.आ. सम्बाददाता***
***कलैया, ०८ भाद्र***

आर्थिक बर्ष २०८०/०८१ को लिजाको स्वमुल्याङ्कन परिणाम सार्वजनिक भएको छ। उक्त सार्वजनिक अनुसार बाराको १६ स्थानिय सहित मधेश प्रदेशमा कलैया उपमहानगरपालिका उत्कृष्ट भएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशभरका गाउँपालिका नगरपालिका, उपमहानगर र महानगरको कार्य प्रक्रिया र उपलब्धिको मूल्याङ्कन गरेर नतिजा सार्वजनिक गरेको छ ।
स्थानीय तहको शासकीय पद्धति र विकास व्यवस्थापनमा सुधार गर्नुपर्ने क्षेत्र पहिचान गर्न मन्त्रालयले हरेक बर्ष यसरी मापन गर्दै आएको छ ।




स्थानीय सरकारबीच स्वस्थ्य प्रतिस्पर्धाको भावना जागृत गराउने उद्धेश्यले मन्त्रालयले गुणस्तर परीक्षण, शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वय जस्ता ११ वटा सुचक मार्फत स्थानीय तहको मूल्याङ्कन हुँदै आएको छ

बाँकी तेश्रो पृष्ठमा

## श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय
**Shree Nepal National Secondary School**
**कलैया-१३ , बलिरामपुर**
**Kalaiya–13 , Balirampur, Bara**

मिति: २०८२/०५/०४

**बिषय: स्पेसिफिकेसन सहित कोटेशन आवहान गरीएको सम्बन्धमा**

**श्री सरोकारवालाहरु सबै**

उपरोक्त सम्बन्धमा मिति २०८२/०५/०४ गतेको विद्यालय बैठकका निर्णयनुसार यस कलैया उपमहानगरपालिका द्वारा आ.व. ०८१ / ०८२ मा क्ष्त्रृत व्यवस्थापनको लागि प्राप्त निकासा रु ६५००००/- अक्षरेपी: रु ६ लाख पचास हजार बाट तपसिल अनुसारको समानहरु खरिद गर्नु पर्ने भएकोले मिति २०८२/०५/०५ गते देखि मिति २०८२/०५/२० गते विद्यालय समयमा स्पेसिफिकेसन सहित कोटेशन र निवेदन दर्ता गराउनको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिल
१.Smart Baord Intrective Panel 75"- १ थान
२.Trolly Stand -१ थान
३. LED 55" LG -१ थान
४.Laptop (Dell/HP/Lenevo) 15 8GB/512--२ थान
५.Branded CCTV Camera -५ थान
६.Branded Computer Dell/HP--२ थान
७.Colour Printer 3 in 1 -१ थान
८.Wire & Cable with networking -सबै सामग्री जडान

आवश्यक कागजातहरु :-
१.फर्मको निवेदन र स्पेसिफिकेशन सहितको कोटेशन विद्यालयमा दिनुपर्ने छ।
२.फर्मको नविकरण र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
३)कोटेशनमा कम्पनी र ब्राण्ड उल्लेख भएको
४) स्पेसिफिकेशन अनुसार समानहरु दिनुपर्ने।
५)रिक्त नपुगेको र समय भित्र दर्ता नभएको कोटेशन स्वीकृत हुने छैन।
७)कोटेशन स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार विद्यालमा निहित हुने छ।

अवध किशोर गिरी
प्रधानाध्यापक

# हत्याकाण्ड प्रकरणः गौरमा सर्वपक्षीय प्रदर्शन

***शु. आ. सम्वाददाता***
***रौतहट , ०८ भाद्र***

जिल्लाको सदरमुकाम गौर हत्याकाण्ड सम्बन्धी जाहेरीको अनुसन्धान गर्न सर्वोच्च अदालतले दिएको आदेश विरुद्ध रौतहटको गौरमा सर्वपक्षीय जनप्रदर्शन गरिएको छ।
आइतबार सदरमुकाम गौरमा सर्वदलिय सर्वपक्षिय जनप्रदर्शन गौर नगरपरिक्रमा गर्दै सम्पन्न भएको हो। गौर घटनाका सम्बन्धमा सर्वदलिय सर्वपक्षीय संयुक्त संघर्ष समितीको अगुवाईमा गरिएको जनप्रदर्शनको क्रममा हजारौको संख्यामा सहभागीहरुले रामजानकी धर्मशालाबाट सुरु गरेको जनप्रदर्शन मधेसी क्रान्ति चौक घण्टा घर नजिक आएर कोण सभामा परिणत भएको थियो।
जनप्रदर्शनको क्रममा भुमि अध्यादेश खाररेज गर,गौर हत्याकाण्डका मुख्ययोजनाकार प्रभु साहलाई कार्यवाही गर, राजनितीक प्रतिशोधको मुद्दा खारेज गर, लाल आयोग, राष्ट्रिय मानवअधिकार आयोग र खिलराज रेग्मीको प्रतिवेदन सार्वजनिक गर लगायतका नाराहरु लगाएका थिए।
कोणसभामा बक्ताहरुले गौर घटनाको मुद्दा राजनितीक र प्रतिशोधको मुद्दा रहेको जिकिर गर्दै मधेसीले भुमि सम्बन्धि अध्यादेश र सविंधान संसोधनको लागि संघर्ष गरिरहेकोले मधेसीलाई राजनितीक प्रतिशोध साध्नको मुद्दा अगाडी बढाइएकोले यस्ता राजनितीक मुद्दा खारेजको मांग गरेका थिए।



गौर घटना राजनीतिक पूर्वाग्रहको नाममा खडा गरिएको मुद्दा भन्दै बक्ताहरुले यादवले तत्काल गौर घटनाका मुद्दा तत्काल खारेज गर्नु पर्ने माग गरेका थिए।
२०६३ चैत ७ गते भएको गौर घटनाको मुख्य योजनाकार तत्कालीन माओवादी नेता र हाल आम जनता पार्टीका राष्ट्रिय अध्यक्ष पुर्व मन्त्री प्रभु साह रहेको आरोप लगाउँदै प्रभु साहलाई कार्यवाहीको मांग गर्दै गौर घटनालाई राजनीतिकरुपमा प्रयोग गरिरहेको नेताहरुको भनाई रहेको हो। २०६३ साल चैत ७ गते रौतहटको गौरमा भएको घटनामा २७ जनाले ज्यान गुमाएका थिए भने कैयौं घाइते भएका थिए। गौर हत्याकाण्ड प्रकरणमा सर्वोच्च अदालतले अनुसन्धान गर्न परमादेश जारी गरेको हो।
जनप्रदर्शनका क्रममा नेताहरुले अदालतमार्फत सरकारले मधेश जनविद्रोहलाई कमजोर पार्ने प्रयास गरेको आरोप लगाए। मधेशलाई नेतृत्वविहीन बनाउन नियोजित षड्यन्त्र भएको दाबी गर्दै आन्दोलनलाई थप सशक्त बनाउन आह्वान गरेका छन्।सर्वदलिय बैठकमा सहभागी लोसपा नेता अनिल सिंहले सरकारले अदालत मार्फत मधेश जनविद्रोहलाई कमजोर पार्ने प्रयास गरिरहेको आरोप लगाएका छन्। उनले मधेशी जनताको अधिकार र पहिचानका लागि भएको संघर्षलाई मुद्दा र कानुनी जटिलतामा फसाएर मधेसका नेताहरू माथि दबाब र कानुनी फन्दा मार्फत आन्दोलन कमजोर पार्ने प्रयास भइरहेको टिपणी गरेका थिए।

जनहितमा जारी सन्देश
महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन्। कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।
महागढीमाई नगरपालिका
बरियारपुर, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा